# काँक्रेविहार

कर्णाली प्रदेशको पहिलो दैनिक

www .kankrebihar .com

राष्ट्रिय दैनिक








❐ वर्ष : २५ ❐ अंक : ३०३ ❐ शुक्रबार, २९ साउन, २०८३ ❐ Friday, 14 Aug 2026 ❐ नेपाल संवत ११४६ ❐ पृष्ठ : ४ ❐ मूल्य : रू. १०


# दशौँ राष्ट्रिय खेलकुदको नयाँ मितिसँगै मंसिरमा प्रतियोगिता हुने आशा

***लामो समयदेखि पटक पटक स्थगित हुँदै आएको प्रतियोगिता राष्ट्रिय खेलकुद परिषद् (राखेप) को १२५औँ बोर्ड बैठकले आगामी मंसिर १६ देखि २९ गतेसम्म कर्णाली प्रदेशको सुर्खेतमा आयोजना गर्ने निर्णय गरेको हो।***

❐ काँक्रेविहार संवाददाता
सुर्खेत, २८ साउन

लामो समयदेखि पटक-पटक मिति तोकिँदै स्थगित हुँदै आएको दशौँ राष्ट्रिय खेलकुद प्रतियोगिताका लागि नयाँ मिति तय गरिएको छ। राष्ट्रिय खेलकुद परिषद् (राखेप) को बिहीबार बसेको १२५औँ बोर्ड बैठकले दशौँ राष्ट्रिय खेलकुद आगामी मंसिर १६ देखि २९ गतेसम्म आयोजना गर्ने निर्णय गरेको हो। दशौँ राष्ट्रिय खेलकुद प्रतियोगिता कर्णाली प्रदेशमा आयोजना गर्ने निर्णय यसअघि नै भइसकेको छ। तर पटक-पटक मिति तोकिए पनि पूर्वाधार, आर्थिक स्रोत, प्रशासनिक तयारीलगायत विभिन्न कारणले प्रतियोगिता सञ्चालन हुन सकेको छैन। नयाँ मिति तय भएसँगै यसपटक भने प्रतियोगिता निर्धारित समयमै हुने अपेक्षा गरिएको छ। राखेप बोर्ड बैठकमा सहभागी एक सदस्यका अनुसार दशौँ राष्ट्रिय खेलकुदका लागि मंसिर १६ देखि २९ गतेसम्मको समय तय गरिएको हो। उनका अनुसार प्रतियोगिता सञ्चालनका लागि आवश्यक तयारीलाई अब तीव्रता दिनुपर्ने अवस्था छ।

दशौँ राष्ट्रिय खेलकुदको आयोजना कर्णाली प्रदेशका लागि विशेष महत्वको विषय हो। प्रदेशमै पहिलोपटक ठूलो राष्ट्रिय खेलकुद प्रतियोगिता आयोजना हुने भएकाले यसलाई कर्णालीको खेल क्षेत्रको विकाससँगै पूर्वाधार निर्माण र खेलाडी उत्पादनका बाँकी पृष्ठ २



## पटक–पटक सर्‍यो प्रतियोगिता

दशौँ राष्ट्रिय खेलकुद प्रतियोगिता आयोजना गर्ने घोषणा नवौँ राष्ट्रिय खेलकुदको समापनकै क्रममा गरिएको थियो। २०७९ कात्तिक,मंसिरमा गण्डकी प्रदेशमा सम्पन्न नवौँ राष्ट्रिय खेलकुदको समापनका क्रममा दशौँ राष्ट्रिय खेलकुद २०८१ मंसिरमा कर्णाली प्रदेशमा आयोजना गर्ने घोषणा गरिएको थियो। तर तोकिएको समयमा कर्णालीका खेल पूर्वाधार पूर्ण रूपमा तयार नभएपछि प्रतियोगिता सञ्चालन हुन सकेन। त्यसपछि प्रतियोगिताको मिति पटकपटक परिवर्तन हुँदै आएको छ।

पहिलोपटक तोकिएको मितिमा प्रतियोगिता हुन नसकेपछि २०८१ चैत २३ देखि ३० गतेसम्म आयोजना गर्ने निर्णय गरिएको थियो। तर उक्त मितिमा पनि प्रतियोगिता सञ्चालन हुन सकेन।

त्यसपछि पुनः २०८२ जेठ ३ देखि १० गतेसम्म प्रतियोगिता गर्ने निर्णय भयो। तयारी पूरा नभएपछि त्यो मिति पनि कार्यान्वयनमा आउन सकेन। चौथोपटक फागुन १ देखि ७ गतेसम्म प्रतियोगिता सञ्चालन गर्ने तयारी गरिएको थियो। तर आर्थिक स्रोतको अभाव देखाउँदै उक्त समयमा पनि प्रतियोगिता आयोजना हुन सकेन। त्यसपछि राखेपले पुनः जेठमा प्रतियोगिता सञ्चालन गर्ने निर्णय गरेको थियो। तर विभिन्न कारणले जेठको प्रस्तावित मितिमा समेत दशौँ राष्ट्रिय खेलकुद आयोजना हुन सकेन।

## कर्णालीको तयारीमा चुनौती

अब मंसिर १६ देखि २९ गतेसम्म प्रतियोगिता सञ्चालन गर्ने निर्णय भएपछि कर्णाली प्रदेशले बाँकी तयारीलाई तीव्र बनाउनुपर्ने देखिएको छ। प्रतियोगिता सञ्चालनका लागि आवश्यक खेल मैदान, खेलाडीको आवास, यातायात, सुरक्षा, स्वास्थ्य सेवा तथा अन्य व्यवस्थापनका काम समयमै पूरा गर्नुपर्ने चुनौती छ। कर्णाली प्रदेशमा दशौँ राष्ट्रिय खेलकुदका लागि केही खेल पूर्वाधार निर्माण तथा स्तरोन्नतिको काम भए पनि सबै पूर्वाधार पूर्ण रूपमा तयार भइसकेका छैनन्। यसअघि पूर्वाधारकै कारण प्रतियोगिता सारिएको पृष्ठभूमिमा अब बाँकी काम तोकिएको समयभित्र सम्पन्न गर्नु प्रदेश सरकार, प्रदेश खेलकुद विकास परिषूद, र राखेप तथा सम्बन्धित निकायका लागि मुख्य चुनौती हुनेछ। राष्ट्रिय खेलकुद प्रतियोगिता कर्णालीमा आयोजना हुनु प्रदेशको खेल क्षेत्रका लागि ठूलो अवसर पनि हो। प्रतियोगिताले कर्णालीका खेलाडीलाई राष्ट्रियस्तरमा आफ्नो प्रतिभा प्रदर्शन गर्ने अवसर प्रदान गर्नुका साथै खेल पूर्वाधार विकास, पर्यटन प्रवर्द्धन र आर्थिक गतिविधि बढाउनसमेत सहयोग पुर्‍याउन सक्छ।

# 'ज्ञानेन्द्रले सकेनन्, अरूले सक्छन् यहाँ ?'

❐ काँक्रेविहार संवाददाता
काठमाडौं, २८ साउन

झण्डै साढे पाँच महिना विदेश बसेर नेपाल फर्किएका नेपाली कांग्रेसका निवर्तमान सभापति शेरबहादुर देउवाले बिहीबार आफ्नो संक्षिप्त प्रतिक्रिया दिएका छन्। पूर्वराजा ज्ञानेन्द्र शाहले शाही आयोगमार्फत मुद्दा लगाउँदा त नसकेको भन्दै उनले अरूले पनि नसक्ने बताए।

कांग्रेस संस्थापनइतर समूहको सम्पर्क कार्यालय चुनदेवीमा संक्षिप्त प्रतिक्रिया दिँदै देउवाले भने,'ऐतिहासिक कालखण्डदेखि नै मुद्दा खेपेको व्यक्ति हुँ म। हिजो पूर्वराजा ज्ञानेन्द्र शाहको शाही आयोगले पनि मलाई मुद्दा लगाएर थुनेकै हो। सर्वोच्च अदालतको फैसला भएर मुद्दा जितेकै हो।' देउवाले थपे, 'शाही शासन अन्त्य गरेर गणतन्त्र ल्याउन मैले चाहेर मात्रै हुने थिएन, मैले गर्न सक्ने थिएन, नेपाली जनताले नै आन्दोलन गरेर ल्याएको गणतन्त्र हो। राजा ज्ञानेन्द्रले त सकेन, अरूले सक्छ यहाँ ?'

उनले अदालतप्रति आफ्नो पूर्ण विश्वास रहेको बताए। नेपाली जनता नै यो देशको मालिक भएको देउवाको भनाइ छ गत भदौ २३ र २४ को जेनजी आन्दोलनमा प्रदर्शनकारीले देउवाको बूढानीलकण्ठस्थित घर जलाइदिएका थिए। प्रदर्शनकारीले देउवासँगै उनकी पत्नी आरजुमाथि कुटपिट गरेका थिए। त्यसपछि उपचारका लागि भन्दै देउवा दम्पती सिंगापुर पुगेका थिए। देउवा दम्पतीविरुद्ध सम्पत्ति शुद्धीकरणमा अनुसन्धान चलिरहेको छ। प्रहरीले देउवा दम्पतीविरुद्ध इन्टरपोलमार्फत रेड नोटिस जारी गर्न पटक-पटक प्रयास गर्दा पनि इन्टरपोलले मानेको थिएन। पार्टीको नेतृत्व विशेष महाधिवेशनबाट गगन थापामा पुगेको र अदालती मुद्दा ब्यूँतिएको सन्दर्भमा देउवा नेपाल फर्किएका हुन्।

# सुदूरका मुख्यमन्त्री शाहले दिए राजीनामा

❐ काँक्रेविहार संवाददाता
धनगढी, २८ साउन

सुदूरपश्चिम प्रदेशका मुख्यमन्त्री कमलबहादुर शाहले पदबाट राजीनामा दिएका छन्। बिहीबार साँझ बसेको प्रदेशसभाको बैठकलाई सम्बोधन गर्दै मुख्यमन्त्री शाहले राजीनामाको घोषणा गरेका हुन्। प्रदेशसभामा सम्बोधन गरेपछि उनले प्रदेश प्रमुखसमक्ष राजीनामा बुझाएका छन्। प्रदेशसभामा विश्वासको मत पाउने अवस्था नरहेपछि मुख्यमन्त्री शाहले राजीनामा दिएका हुन्। गत असार ३१ गते नेकपा एमालेले प्रदेश सरकारलाई दिएको समर्थन फिर्ता लिएपछि शाह नेतृत्वको सरकार



अल्पमतमा परेको थियो। संविधानअनुसार विश्वासको मत लिनुपर्ने ३० दिनको समयसीमा पनि आज पूरा भएको छ। प्रदेशसभाको बैठक साँझ ५ बजे बस्ने भनिए पनि निर्धारित समयभन्दा केही ढिला गरी बैठक सुरु भएको थियो। प्रदेशसभालाई सम्बोधन गर्दै मुख्यमन्त्री शाहले आफूले पाएको जिम्मेवारीअनुसार काम गरेको बताए। उनले अधिकार नदिने काम गर्न नसक्ने भन्दै आफ्नो नेतृत्वमा प्रदेश सरकार सञ्चालनका क्रममा भएका कामबारे धारणा राखेका थिए।

मुख्यमन्त्री शाहको राजीनामासँगै सुदूरपश्चिममा नयाँ सरकार गठनको प्रक्रिया अघि बढ्ने भएको छ। नयाँ सरकार गठनका लागि नेकपा र नेकपा एमालेबिच सहमति भइसकेको बताइएको छ। सहमतिअनुसार नेकपाको नेतृत्वमा नयाँ सरकार गठन गर्ने तयारी छ।

# हुलाकमार्फत करिब १० हजार नागरिकले पाए घरदैलोमै सेवा

❐ काँक्रेविहार संवाददाता
काठमाडौं, २८ साउन

हुलाक सेवालाई आधुनिक, प्रविधिमैत्री र नागरिकमैत्री बनाई 'सरकारी कुरियर सेवा'का रूपमा विकास गर्ने अभियानले गति लिएको छ।

सरकारी कागजात तथा सामग्री ढुवानीसँगै राहदानी, सवारी चालक अनुमतिपत्र, शैक्षिक प्रमाणपत्रलगायत सेवा नागरिकको घरदैलोसम्म पुर्‍याउने व्यवस्था कार्यान्वयनमा आएपछि हुलाक सेवाको प्रयोग विस्तार हुँदै गएको हो।

नयाँ सरकार गठनपछि मन्त्रिपरिषद्को पहिलो निर्णयबाट कार्यान्वयनमा




ल्याइएको 'शासकीय सुधारसम्बन्धी १०० कार्यसूची' तथा सूचना तथा सञ्चार मन्त्रालयको कार्यक्षेत्रअन्तर्गतका प्रमुख १० कार्यमध्ये हुलाकलाई सरकारी सामग्री तथा कागजात ढुवानी सेवाका रूपमा विकास गर्ने लक्ष्यअनुसार हालसम्म उल्लेखनीय प्रगति भएको हुलाक सेवा विभागले जनाएको छ।

हुलाक सेवा विभागकी महानिर्देशक मनमाया भट्टराई पङ्गेनीका अनुसार हालसम्म हुम्लाबाहेक अरु सबै जिल्लामा सरकारी कागजात घरमै पुर्‍याउने सरकारको योजना लागू भइसकेको छ। हुम्लामा पनि कार्यान्वयनको अन्तिम बाँकी पृष्ठ २

# रोल्पामा पहिरोमा परी मृत्यु हुनेको संख्या ५ पुग्यो, ८ जना अझै बेपत्ता

❐ काँक्रेविहार संवाददाता
रोल्पा, २८ साउन

रोल्पाको थबाङ गाउँपालिका-५ कोटलबारामा अविरल वर्षासँगै आएको पहिरोले घर तथा गोठ पुरिँदा मृत्यु हुनेको संख्या ५ पुगेको छ। पहिरोमा परी ८ जना बेपत्ता भएका छन् भने दुई जना घाइते भएका छन्।

नेपाल प्रहरीका अनुसार पहिरोमा परी मृत्यु हुनेमा थबाङ-५ का १८ वर्षीया शान्ती पुन मगर, ६० वर्षीय कमलबहादुर पुन मगर, ८० वर्षीया मनखना पुन मगर, ७५ वर्षीय दलबहादुर पुन मगर र ८५ वर्षीया हस्तकला रोका मगर रहेका छन्।

पहिरोमा परी २२ वर्षीय हिमाल पुन मगर र २५ वर्षीय सञ्जय घर्ती मगर घाइते भएका छन्। प्रहरीका अनुसार पहिरोमा परी बेपत्ता हुनेमा ४० वर्षीया जुनकुमारी पुन मगर, ९ वर्षीय अशिम पुन मगर, ६ वर्षीय अशोक पुन मगर, ७५ वर्षीय डलबहादुर पुन मगर, ८० वर्षीय अजम्बर पुन मगर, ७८ वर्षीय बलबहादुर पुन मगर, ७२ वर्षीय लिलबहादुर पुन मगर र ७१ वर्षीया मनि पुन मगर रहेका छन्। अविरल वर्षासँगै आएको पहिरोले घर तथा गोठ पुरिएपछि बेपत्ताको खोजी तथा उद्धार कार्य जारी रहेको प्रहरीले जनाएको छ।

सम्पादकीय

# अब कामले परिणाम देखाउनुपर्छ

कर्णाली नदीमा प्रस्तावित ४ सय ३९ मेगावाट क्षमताको बेतन कर्णाली अर्धजलाशययुक्त जलविद्युत् आयोजना कर्णालीका लागि एउटा ठूलो सम्भावना हो । करिब ९३ अर्ब ४० करोड रूपैयाँ लागत अनुमान गरिएको यो आयोजना अघि बढ्नु ऊर्जा उत्पादनका दृष्टिले मात्र होइन, स्थानीय पूर्वाधार, रोजगारी, आयआर्जन र समग्र आर्थिक गतिविधिका हिसाबले पनि महत्वपूर्ण विषय हो । लामो समयदेखि कानुनी, प्राविधिक र प्रक्रियागत जटिलतामा अल्झिएको आयोजनाले निर्माणपूर्वका कामलाई तीव्रता दिन थालेको खबर सकारात्मक छ ।

आयोजनाबाट उत्पादन हुने ४ सय ३९ मेगावाट विद्युत् राष्ट्रिय प्रसारण प्रणालीमा जोडिनु कर्णालीको मात्र नभई मुलुककै ऊर्जा सुरक्षाका लागि महत्वपूर्ण हुनेछ । नेपालमा विद्युत् उत्पादन बढिरहेको अवस्थामा आन्तरिक खपत विस्तार र बाह्य बजारको सम्भावनासमेत बढ्दै गएको छ । त्यसैले उत्पादनसँगै प्रसारण लाइन र विद्युत् बजारको व्यवस्थापनलाई पनि समयमै अघि बढाउनुपर्छ । जलाशय क्षेत्रलाई पर्यटनसँग जोड्ने आयोजनाको सोच पनि सकारात्मक छ । करिब २२ किलोमिटर लामो जलाशयलाई व्यवस्थित रूपमा पर्यटकीय गन्तव्यका रूपमा विकास गर्न सके विद्युत् आयोजनाबाट हुने लाभ ऊर्जा उत्पादनमा मात्र सीमित रहने छैन। स्थानीय होटल, यातायात, कृषि, व्यापार तथा रोजगारीका क्षेत्रमा समेत यसको प्रभाव विस्तार हुन सक्छ ।

आयोजना निर्माणका क्रममा स्थानीय तह र प्रदेश सरकारसँग प्रभावकारी समन्वय, प्रभावित नागरिकको हित संरक्षण, वातावरणीय जिम्मेवारी र पारदर्शी कार्यप्रणाली आवश्यक हुन्छ । आयोजनाबाट स्थानीय जनताले के पाउने भन्ने विषय पनि स्पष्ट हुनुपर्छ । रोजगारी, सीप विकास, स्थानीय पूर्वाधार र सामाजिक विकासमा स्थानीय समुदायलाई प्रत्यक्ष लाभ पुग्ने व्यवस्था गर्न सके आयोजना अझ दिगो बन्न सक्छ । अब बेतन कर्णालीका लागि सबैभन्दा ठूलो चुनौती कामको गति कायम राख्नु हो । एक वर्षभित्र मुख्य निर्माणमा प्रवेश गर्ने र निर्माण सुरू भएको पाँच वर्षभित्र विद्युत् उत्पादन गर्ने लक्ष्य महत्वाकांक्षी छ । लक्ष्य निर्धारण गर्नु राम्रो हो, तर त्यसलाई व्यवहारमा उतार्न सम्बन्धित मन्त्रालय, आयोजना व्यवस्थापन, लगानीकर्ता, स्थानीय तह र प्रभावित समुदायबीच निरन्तर समन्वय आवश्यक छ ।

त्यसैले बेतन कर्णाली फेरि कागज, प्रक्रिया र विवादमै सीमित हुने छुट छैन । जग्गा, वन, मुआब्जा, वित्तीय व्यवस्थापन, प्रसारण र अन्य बाँकी प्रक्रिया तोकिएको समयमै टुंग्याएर आयोजना वास्तविक निर्माणमा प्रवेश गर्नुपर्छ । बेतन कर्णाली केवल एउटा जलविद्युत् आयोजना होइन, कर्णालीको जलस्रोतलाई आर्थिक समृद्धिमा रूपान्तरण गर्ने एउटा महत्वपूर्ण अवसर हो । यो अवसरलाई सफल बनाउन अब आश्वासनभन्दा परिणाम, घोषणाभन्दा काम र ढिलाइभन्दा गति आवश्यक छ । आयोजना समयमै सम्पन्न भयो भने यसले कर्णालीको ऊर्जा, अर्थतन्त्र, पूर्वाधार र रोजगारीको क्षेत्रमा दीर्घकालीन परिवर्तन ल्याउन सक्छ । त्यसैले सम्बन्धित सबै पक्षले साझा जिम्मेवारीका साथ बेतन कर्णालीलाई समयमै निर्माण सम्पन्न हुने राष्ट्रिय प्राथमिकताको आयोजनाका रूपमा अघि बढाउनुपर्छ ।

# नेपालमा माटो स्वास्थ्य सुधार र कृषि आत्मनिर्भरताको १० वर्षे रणनीति



✍ जगन्नाथ काफ्ले

नेपालको कृषि क्षेत्रले घाटा र हेयको पेसा, जलवायु परिवर्तन, जैविक विविधता क्षति, रसायनिक पदार्थहरुको अत्यधिक प्रयोग, भूमि उत्पादकत्वको क्षय, युवा बसाइँसराइ, शहरीकरण, र खाद्य प्रणालीसँग सम्बन्धित स्वास्थ्य चिन्ताहरू लगययत गम्भीर समस्याहरुको सामना गरिरहेको छ । यी दबाबहरूले कृषि र ग्रामीण समुदायको दीर्घकालीन व्यवहार्यतालाई प्रभावित गरिरहेको छ ।

नेपालको भूगोल अनुकूल, दीर्घकालीन, विज्ञानमूलक र सन्दर्भ-विशेष उपायहरु अबलम्बन गर्नु जरुरी भइसकेको छ । रासायनिक मल, किटनाशक बिषादी र हाईब्रिड विउको अन्दाधुन्द आयातले नेपालको कृषि ब्यबस्था धाराशायी हुने अबस्थामा पुगेको कुरा जगजाहेर नै छ । यदि नेपाल सरकारले रासायनिक मल आयातबाट कम्पोस्ट, खनिज र जैविक मलमा आफ्नै देशभित्र उत्पादन गर्ने लक्ष्य राख्न सरकार परम्परागत तरिकाबाट बिस्तारै अगाडि बढ्नु हुँदैन । ५ देखि १० वर्षको व्यवस्थित संक्रमण काल आवश्यक छ, जुन विभिन्न चरणहरूको योजनामा विभाजित हुनुपर्छ ।

बिना पूर्वधार निर्माण तथा पूर्व तयारी अप्रिल २९ मा श्रीलङ्काले रासायनिक मल तथा किटनाशकको रातारातको प्रतिबन्धले खाद्य सुरक्षा जोखिम उत्पन्न भएको तथ्यबाट हामी समयमै सचेत हुनुपर्छ । माटोको जैविक पदार्थ पुनर्निर्माणमा चरणबद्ध परिवर्तन आवश्यक छ। १० बर्ष भित्र रासायनिक मललाई पूर्णरुपले विस्थापित गर्न सकिन्छ, जसले जैविक, खनिज, प्राङ्गारिक, र हरियो मल उत्पादन र आत्मनिर्भरता सम्भव हुन्छ। साथै, यसको स्रोतहरू आन्तरिक लगानीमा लगाएर माटोको स्वास्थ्य पुनर्स्थापना गर्न, सूक्ष्मजीवहरू, परागकण, माहुरी, अन्नबाली, चराचुरुङ्गी, वनस्पति, जनावर, र मानव स्वास्थ्यको सुरक्षा गर्न सकिन्छ । यसको लागि नेपालले सटीक दोहोरो-ट्र्याक रणनीति लागू गर्नुपर्छ । पहिलो रासायनिक पदार्थको आयात तथा पहुँच घटाउनु र दोस्रो आक्रामक रूपमा आन्तरिक जैविक, खनिज तथा प्राङ्गारिक मल उत्पादन क्षमता बढाउनु ।

यो समयसीमा लक्ष प्राप्त गर्न विशेष संक्रमण योजनाहरू पनि आवश्यक पर्छ । भूगोल अनुरुप बालीहरूलाई फरक तरिकाले व्यवहार गर्नु आवश्यक छ, किनकि केही अचानक रासायनिक प्रतिस्थापनको कारणले खाद्य संकटको समस्या समाधान गर्नु पर्ने चुनौति आउन सक्छ । हिमाली जिल्लाहरुमा कम रासायनिक प्रयोग भएको हुँदा पहिलो चरणको ३ बर्ष भित्रै बन्द गर्न सकिन्छ । उच्च-मूल्य नगद बाली(चिया/कफी/अलैंची) तथा फल्न समय लाग्ने फलफूलहरुलाई पनि ३ देखि ५ वर्षको जैविक प्रणालीमा लैजान समस्या हुँदैन ।

त्यसैगरी मध्य-पहाडी क्षेत्रमा अझै पनि बस्तु पालन र परम्परागत मल प्रयोग अभ्यासहरूको कारणले मकै, कोदो, फापर, आलु, फलफूल, तरकारी जस्ता बालीलाई बढीमा ४-७ वर्ष भित्र रासायनिक मल मुक्त हुन कठीन हुँदैन । तराई क्षेत्र भढी रसायन संक्रमित र धान-गहुँ क्षेत्र पनि भएकोले पूरा १० वर्ष आवश्यक पर्न सक्छ । बाली उत्पादनलाई ध्वस्त नगरी रासायनिक पोषक तत्वहरू प्रतिस्थापन गर्न द्रुत १० वर्षको डेटा-मेट्रिक्समा काम गर्नुपर्छ ।

नेपालको हालको आधारभूत आवश्यकता अनुसार वार्षिक ९,००,००० मेट्रिक टन रासायनिक मलको माग छ (तर हालको आपूर्ति ६,००,००० मेट्रिक टनको हाराहरीमा छ), जबकि सरकारले रासायनिक मलको अनुदानमा ने.रु. ३२.४६ अर्ब खर्च गर्छ । द्रुत परिवर्तन भनेको यो बजेटलाई व्यवस्थित रूपमा घरेलु जैविक, खनिज, प्राङ्गारिक, र हरियो मलको उत्पादन क्षमतामा अभिबृद्धि गर्दै उक्त बजेटलाई आन्तरिक अर्थब्यबस्थामै रूपान्तरण गर्नु हो । यस रुपान्तरणलाई ३ चरणहरुमा बिभक्त गरेर रणनीतिक काम गर्नु पर्छ ।

**पहिलो चरण (वर्ष १-३)**

पहिलो चरणमा पूर्वाधार र उत्पादन स्केलिङ गर्नु पर्छ । यस चरणमा कृषि पोषक तत्व आपूर्तिको द्रुत रुपान्तरणको लागि जैविक, खनिज, प्राङ्गारिक, र हरियो मलहरूको उत्पादन क्षमता बढाउन ठूलो मात्रा पुर्वाधार निर्माण गर्नुपर्छ । पहिलो चरणमा हालको रासायनिक मल आयात र अनुदान बजेट रु. ३२.४६ अरबको ५०% (रु. १६.२३ अर्ब) अर्गानिक पूर्वाधार (जैविक, खनिज, प्राङ्गारिक, र हरियो)मा सार्नुपर्छ ।

नेपालको प्रचुर मात्रामा स्थानीय कच्चा पदार्थ, शहरी फोहोर प्रवाह प्रशोधन गर्न स्थानीय स्तरमै प्रशोधन नेटवर्कहरू निर्माण गर्नुपर्छ । भने पशुपालनलाई समेत प्राथमिकतामा राख्नुपर्छ । प्रदेश तथा स्थानीय तह स्तरीय गैर रासायनिक मल उत्पादन हबहरू निर्माण गर्नुपर्छ र ५,००,००० मेट्रिक टन लक्षित गरेर अर्गानिक इनपुटहरू लाई अनुदान दिनु पर्दछ । पहिलो बर्ष बजेटको २०% रु ६.४९ अर्ब विद्यमान उद्यमहरुलाई बिभिन्न स्थानीय तहमै जैविक, खनिज र कम्पोस्ट उद्योगहरू स्थापना गर्न लगानी गर्नुपर्छ । हाल १,००,००० मेट्रिक टन उत्पादनमा थप ५०,००० मेट्रिक टन जैविक, खनिज र कम्पोस्ट मलको आधारभूत उत्पादन लक्ष्य कायम गर्ने ।

दोस्रो बर्ष बजेटको ३०% रु. ९.७४ अर्ब जैविक, खनिज, प्राङ्गारिक, र हरियो मल पुर्वाधारमा लगानी रुपान्तरण गर्ने । नाइट्रोजन-फिक्सिङ ब्याक्टेरिया (एजोटोब्याक्टर) मास-कल्चर गर्न थप स्थानीय सूक्ष्म प्रयोगशालाहरू निर्माणमा लगानी बढाउने साथै १००,००० हेक्टर बाँझो जमिन ढाक्न निःशुल्क धैंचा (सेस्बानिया) हरियो मलको बीउ वितरण गर्नुपर्छ । तेस्रो बर्ष बजेटको ४०% रु. १२.९८ अर्ब डाइभर्ट गर्नुपर्छ । थप ३५०,००० मेट्रिक टन जैविक तथा फोर्टिफाइड कम्पोष्टको स्थानीय उत्पादन तथा जैविक, खनिज, प्राङ्गारिक, र हरियो मल उत्पादन लक्ष हासिल गर्नुपर्छ ।

रासायनिक आयातमा पहिलो अनिवार्य २०% कटौती ( बढीमा ५००,००० मेट्रिक टनमा आयात क्यापिङ) गर्नु पर्दछ । यस्को लागि अनुदानहरू पुनर्निर्देशित गर्नुपर्छ । हालको रासायनिक मल बजेटको ४०% ठूला ठूला जैविक मल कारखाना स्थापना, पालिका तथा कृषि फर्म स्तरमा पशुपंक्षी पालन तथा स्थानीय कच्चापदार्थबाट प्राङ्गारिक सूक्ष्म-उद्यमहरू र नगरपालिहरुबाट संकलन हुने फोहोरबाट कम्पोस्टिङ गरेर मलको आन्तरिक उत्पादनलाई बलियो बनाउन सकिन्छ ।

यसको लागि जैविक मल कारखाना विस्तार गर्नु पर्छ । जैविक मलहरू सूक्ष्मजीवहरूको एक राइजोब्याक्टेरिया, अर्बस्कुलर, माइकोराइजल, फङ्गी, र अन्य लाभदायक सूक्ष्मजीवहरूको समूह हो जसले बिरुवाको वृद्धिलाई द्रुत गति दिन, माटोको स्वास्थ्य तुरुन्तै सुधार गर्न, र रासायनिक मलको तनाव बाट तिब्र मुक्ति दिन सक्छ । जैविक-इनपुटहरूको पनि व्यावसायिकीकरण गर्नुपर्छ । विद्यमान आन्तरिक जैविक तथा प्राङ्गारिक मल उत्पादकहरुका उत्पादन प्रयोगशालाहरूसँग साझेदारी गरेर समान गुणस्तर मापदण्ड निर्धारण गर्नुपर्छ र नाइट्रोजन-फिक्सिङ (एजोटोब्याक्टर) र फस्फोरस-घुलनशील ब्याक्टेरिया संस्कृतिहरूको ठूलो मात्रामा उत्पादन गरेर ब्यबसायिकीकरण गर्नु पर्दछ ।

हाल नेपालमा प्रतिपादन भईसकेका जैविक मलहरूका फर्मूलाहरुलाई ब्यबसायिक उत्पादन गर्न रु. १ अर्ब लगानी गर्दा १ देखि २ बर्ष भित्रमा १,००,००० देखि १५०००० मेट्रिक टन सम्म उत्पादन दिन सक्छ ।

अर्को उपाय हो प्राङ्गारिक हब निर्माण गर्नु । ठूला नगरपालिकामा शहरी जैविक फोहोर प्रयोग गरेर सबै सहरहरूमा ठूला-ठूला एरोबिक कम्पोस्टिङ प्लान्टहरू स्थापना गरी जैविक तथा प्राङ्गारिक हबहरू निर्माण गर्नु पर्छ । यसै गरी अर्को उपाय हो कृषि खनिज पदार्थहरुको प्रवन्ध गर्नु पर्छ ।

केही करोडकै लगानीमा नेपालमै सहजै उपलब्ध हुने बेसाल्ट चट्टानको धुलो, रक फस्फेट, ग्लेसल रक डस्ट, चुनढुङ्गा, जिप्सम, काठको खरानी तथा हड्डिको धुलो जस्ता फलाम, म्याग्नेसियम, क्याल्सियम, क्याल्सियम कार्बोनेट, पोटासियम, सल्फर, सिलिकन, फस्फोरस सुक्ष्म पोषक तत्त्वहरूको आपूर्ति हुने उद्योगहरु स्थानीय स्तरमै स्थापना गरेर माटो र बालीको स्वास्थ्य द्रुत सुधार गर्न सकिन्छ । सरकारी-निजी साझेदारीमा जाने हो भने हरेक प्रदेशमा ३ बर्ष भित्र यो काम गर्न सकिन्छ ।

# ग्रामीण सडकमा मनपरी भाडा असुली

❒ कांक्रेविहार संवाददाता
कालीकोट, २८ साउन

ग्रामीण सडकमा यातायात समिति तथा रातो नम्बर प्लेटका सवारीसाधनले मनपरी भाडा असुल्ने गरेको गुनासो बढेको छ । सदरमुकाम मान्मबाट रास्कोट, पचालझरना, पलाँता, सान्नीत्रिवेणी, नरहरिनाथ र शुभकालिकाका विभिन्न स्थानमा चल्ने सवारीसाधनले यात्रुसँग चर्को भाडा लिने गरेको स्थानीयको गुनासो छ ।



मान्मदेखि रास्कोट नगरपालिकाको सेराबजारसम्म ४६ किलोमिटर दूरी छ । उक्त दूरीका लागि प्रतिव्यक्ति एक हजार दुई सय रुपियाँ भाडा लिइन्छ । यस अनुसार प्रतिकिलोमिटर २६ रुपियाँ आठ पैसा पर्छ ।

गत वैशाखमा डिजेलको मूल्य प्रतिलिटर दुई सय ८० रुपियाँ हुँदा बढाइएको भाडादर अहिले पनि कायम छ । अहिले डिजेलको मूल्य घटेर दुई सय रुपियाँमा आए पनि भाडा नघटेको यात्रुको गुनासो छ । रास्कोटका जसिराम सिम्खडाले दुई वर्षअघि सोही दूरीमा चार सय ६५ रुपियाँ भाडा तिरेको बताउँदै अहिले एक हजार दुई सय रुपियाँ तिर्नुपर्दा निकै मर्का परेको बताए ।

"सडक अफरोड भए पनि प्रतिकिलोमिटर १२ रुपियाँसम्म भाडा उचित हो । अहिले २६ रुपियाँभन्दा बढी लिने गरिएको छ," उनले भने ।

नरहरिनाथ गाउँपालिका नौ लालुसम्मको २५ किलोमिटर दूरीमा प्रतिकिलोमिटर २० रुपियाँ र लालीघाटदेखिकुमालगाउँसम्म १७ किलोमिटर दूरीमा छ सय रुपियाँ भाडा लिने गरिएको छ । कुमालगाउँ सम्मको भाडा प्रतिकिलोमिटर ३५ रुपियाँ आठ पैसा पर्छ । नरहरिनाथ गाउँपालिकाका प्रवक्ता तथा वडा नं. नौका अध्यक्ष प्रदीप बोहोराले भाडादर पुनरावलोकनका लागि व्यवसायीसँग समन्वय गर्न खोजे पनि सहमति हुन नसकेको बताए ।

मान्मदेखि सुर्खेतसम्म एक सय ५० किलोमिटर दूरीका लागि एक हजार आठ सय रुपियाँ भाडा लिइन्छ । यातायात व्यवस्था विभागले तोकेको दर अनुसार प्रतिकिलोमिटर पाँच रुपियाँ भए पनि इन्धनको मूल्य बढेको भन्दै थप सात रुपियाँ जोडेर १२ रुपियाँ लिने गरिएको बताइएको छ ।

जिल्ला प्रशासन कार्यालयका सहायक प्रमुख जिल्ला अधिकारी जनक शर्माले ग्रामीण सडकमा जीर्ण सडक र इन्धनको मूल्यलाई आधार बनाएर बढी भाडा लिइएको विषयमा सम्बन्धित पक्षसँग छलफल गरिने बताए ।

स्थानीयले चर्को भाडासँगै क्षमताभन्दा बढी यात्रु राखेर सवारी चलाउने गरेको गुनासो गरेका छन् । यसले दुर्घटनाको जोखिमसमेत बढाएको भन्दै नियमित अनुगमन र मनपरी भाडा नियन्त्रण गर्न उनीहरूले माग गरेका छन् ।

## दशौँ...

दृष्टिले समेत महत्वपूर्ण अवसरका रूपमा हेरिएको छ ।

### निर्णय फेरिए, प्रतियोगिता भएन

दशौँ राष्ट्रिय खेलकुदको मिति तोक्ने र सार्ने क्रमसँगै प्रतियोगिता आयोजना हुने विषयमा अन्योलसमेत बढ्दै गएको थियो । पछिल्लो चरणमा तत्कालीन युवा तथा खेलकुदमन्त्री बब्लु गुप्ताले २०८२ फागुनमा प्रतियोगिता आयोजना गर्ने निर्णय गरेका थिए । तर प्रतियोगिता आयोजना हुनुअघि नै मन्त्री गुप्ताले पदबाट राजीनामा दिएर निर्वाचनमा जाने तयारी गरेपछि उक्त निर्णयअनुसार पनि प्रतियोगिता सञ्चालन हुन सकेन । यसरी पूर्वाधार, बजेट, प्रशासनिक तयारी र नेतृत्व परिवर्तनलगायत कारणले दशौँ राष्ट्रिय खेलकुद पटकपटक अन्योलमा पर्दै आएको छ । प्रतियोगिताको मिति पटकपटक तोकिए पनि कार्यान्वयन हुन नसक्दा खेलाडी, प्रशिक्षक, खेल संघ तथा आयोजक प्रदेशमा समेत निराशा बढेको थियो ।

## हुलाकमार्फत...

तयारी भइरहेको उनले बताए। सरकारी सेवा नागरिकको घरदैलोमै पुर्‍याउने उद्देश्यले हुलाक सेवालाई आधुनिकीकरण गर्दै राहदानी, नागरिकताको प्रतिलिपि, सवारी चालक अनुमतिपत्र, शैक्षिक प्रमाणपत्र तथा अन्य सरकारी कागजात र सामग्री घरघरमै पुर्‍याउने व्यवस्था सफल रूपमा कार्यान्वयन भइरहेको महानिर्देशक पङ्गेनीले जानकारी दिए ।

हुलाक सेवा विभागका अनुसार २०८३ साउन २७ गतेसम्म ७६ जिल्लाका जिल्ला प्रशासन कार्यालयमा दुई लाख ४७ हजार ४३ थान राहदानी हुलाकमार्फत् ढुवानी गरिएको छ ।

सूचना, समाचार तथा विज्ञापनको लागि ९८५१३४४७५४ मा सम्पर्क गर्नुहोला ।

# स्याउ निकासीमा कृषि प्राविधिकको सिफारिस अनिवार्य



❑ कांक्रेविहार संवाददाता
हुम्ला, २८ साउन

हिमाली जिल्ला हुम्लाबाट यस वर्ष जिल्लाबाहिर स्याउ निकासी गर्दा सम्बन्धित गाउँपालिकाका कृषि प्राविधिकको सिफारिस अनिवार्य गरिएको छ।

काँचो स्याउको निकासी रोक्दै पाकेको, रसिलो र गुणस्तरीय स्याउ मात्र बजारमा पठाउने उद्देश्यले यस्तो व्यवस्था गरिएको हो।

कृषि विकास कार्यालयका प्रमुख चूडामणि पन्तका अनुसार हुम्लाबाट स्याउ निर्यात गर्न सम्बन्धित गाउँपालिकाको कृषि प्राविधिकको सिफारिस लिनुपर्नेछ।

प्रमुख जिल्ला अधिकारी भोलानाथ गुरागाईंको अध्यक्षतामा मंगलबार बसेको सरोकारवालाको बैठकले स्याउ निकासीमा कडाइ गर्ने निर्णय गरेको हो।

कार्यालयका अनुसार भदौको पहिलो साताभन्दा अघि स्याउ टिप्न नपाइने व्यवस्था गरिएको छ। त्यसपछि पनि कृषि प्राविधिकको सल्लाह अनुसार मात्र स्याउ टिप्नुपर्ने छ।

स्याउको जात, उत्पादन भएको स्थान र गुलियोपनाको आधारमा पाकेको स्याउ पहिचान गरी निकासीका लागि कृषि विकास कार्यालयले सूचना जारी गर्नेछ। उक्त सूचना जिल्लाका सातवटै गाउँपालिका, कृषि उद्यमी तथा स्याउ व्यापारीलाई उपलब्ध गराइनेछ।

प्रमुख जिल्ला अधिकारी गुरागाईंले तोकिएको नियम अवज्ञा गरी काँचो स्याउ बिक्री तथा निकासी गरेको पाइएमा त्यस्तो स्याउ जफत गरिने बताए।

निकासीका क्रममा कृषि प्राविधिकको सिफारिस भए-नभएको जाँच गर्न सीमाक्षेत्रमा समेत निगरानी बढाइने भएको छ।

बाजुरासँगको सीमा ताँजाकोट गाउँपालिकास्थित कवाडी प्रहरी चौकी र मुगुसँगको सीमा चंखेली गाउँपालिका दुई स्थित रिमी प्रहरी चौकीलाई पत्राचार गरी स्याउ निकासीमा कडाइका साथ चेकजाँच गर्ने व्यवस्था गरिएको छ। यसबाट जिल्लाबाट बाहिरिने स्याउको गुणस्तर सुनिश्चित गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ।

स्याउ निकासीका लागि सम्बन्धित गाउँपालिकाका कृषि शाखाले गुलियोपनाको प्रमाणीकरणका आधारमा तोकिएको ढाँचामा सिफारिस गर्नुपर्नेछ।

स्याउको गुलियोपना परीक्षण गर्न आवश्यक रिफ्र्याक्टोमिटर सम्बन्धित गाउँपालिकाका कृषि शाखा तथा कृषि विकास कार्यालयमार्फत प्रयोगमा ल्याइनेछ। त्यसैगरी व्यावसायिक प्रयोजनका लागि स्याउ निकासी गर्ने कृषकलाई हुम्लाको पहिचान खुल्ने विवरणसहितको कार्टुन उपलब्ध गराइने भएको छ।

कृषि विकास कार्यालय र राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रममार्फत त्यस्ता कार्टुन उपलब्ध गराइने जनाएको छ।

कृषि विकास कार्यालयका अनुसार हुम्लामा हालसम्म दुई हजार आठ सय २० हेक्टर क्षेत्रफलमा स्याउ खेती गरिएको छ। त्यसमध्ये छ सय ८० हेक्टर क्षेत्रफलमा लगाइएको स्याउबाट उत्पादन भइरहेको छ। चालु वर्ष जिल्लामा पाँच हजार तिन सय ८० मेट्रिक टन स्याउ उत्पादन हुने लक्ष्य राखिएको कार्यालयले जनाएको छ।

# वर्षापछि सल्यानमा रोपाइँ तीव्र

❑ कांक्रेविहार संवाददाता
सल्यान, २८ साउन

लामो समयको खडेरीले चिन्तित बनेका सल्यान पश्चिमका किसानलाई पछिल्लो वर्षाले राहत दिएको छ। मध्यबर्खा बितिसक्दा पनि सुख्खा र बगरजस्तै बनेका खोलानालामा पानी बग्न थालेपछि मर्न लागेको धानको बेर्ना किसानले खेतमा रोप्न थालेका छन्।

पानी नपरेर धानको ब्याड सुक्न थालेपछि निराश बनेका किसानले वर्षा भएपछि करिब डेढ महिना पुरानो भइसकेको बेर्नासमेत खेतमा रोपेका हुन्। वनगाढ कुपिन्डे नगरपालिकाको कृषि विकास शाखाका अनुसार सोमबार र मङ्गलबार परेको वर्षाले खेतीका लागि राहत पुगेको हो ।

अहिले सल्लीबजार आसपासका नारा, माल्टुरा, सिगरेखाना, ओदाला, ओदालतारा र टाबु क्षेत्रमा रोपाईं भइरहेको छ। धान खेती हुने कुल क्षेत्रफलमध्ये करिब ९० प्रतिशत भूभागमा रोपाईं सम्पन्न भइसकेको कृषि विकास शाखा प्रमुख कृषि अधिकृत नारायणप्रसाद बेल्वासेले जानकारी दिए। भेरी नदी आसपासका किसानले यसअघि मोटरबाट पानी तानेरसमेत



खेतमा सिँचाइ गर्दै आएका थिए।

अब कालागाउँ, टाट्के र भलाखर्क आसपासका केही उकालो तथा ढिलो पानी पुग्ने क्षेत्रमा मात्र धान रोप्न बाँकी रहेको किसानले बताएका छन्।

किसानले असार १६ गतेतिर धानको ब्याड राखेका थिए। कृषि अधिकृत बेल्वासेका अनुसार उक्त ब्याड ४० दिनभन्दा बढी पुरानो भइसकेको छ। उनले भने २०-२५ दिनसम्मको बेर्ना रोप्नु प्राविधिक हिसाबले उपयुक्त हुन्छ।

३० दिनभन्दा बढी भएको बुढो बेर्ना रोप्दा गाँजिने क्षमता घट्दै जाने र उत्पादनमा कमी आउन सक्छ।

यसअघि खडेरी उग्र बनेपछि कर्णाली प्रदेश सरकारको कृषि तथा सहकारी मन्त्रालयले गठन गरेको कार्यदलले सुर्खेतको सिम्ता र सल्यानको वनगाढ कुपिन्डे क्षेत्रका सुक्खाग्रस्त क्षेत्रमा पुगेर स्थलगत अनुगमन गरेको थियो।

अनुगमनपछि नगरपालिकामा बसेको बैठकले सुक्खाग्रस्त क्षेत्रको दीर्घकालीन तथा अल्पकालीन समाधानका लागि विभिन्न निर्णय गरेको थियो।

नगरपालिकाको कृषि शाखाले सुक्खाग्रस्त क्षेत्रको क्षेत्रफल, उत्पादन र उत्पादकत्व सम्बन्धी तथ्याङ्क कार्यदलसमक्ष पेस गर्ने, अल्पकालीन समाधानका लागि बाली विविधीकरण, उपयुक्त बाली तथा जात छनोट गर्ने र बाली चक्र अपनाउने विषय प्रतिवेदनमा समावेश गर्ने निर्णय भएको थियो। साथै, सम्बन्धित मन्त्रालयमार्फत राहत तथा सिँचाइका पाइप उपलब्ध गराउने विषयसमेत प्रतिवेदनमा उल्लेख गर्ने निर्णय भएको थियो। यस्तै, सुक्खाग्रस्त वनगाढका वडा नं एक तिन र छ लगायतका क्षेत्रमा डिप बोरिङ तथा लिफ्ट प्रणालीका सिँचाइ आयोजना सञ्चालनका लागि सम्भाव्यता अध्ययन र योजना अघि बढाउने विषय पनि प्रतिवेदनमा समावेश गर्ने निर्णय भएको थियो। समयमै पानी नपर्दा यस वर्ष धान उत्पादनमा केही कमी आउन सक्ने चिन्ता कायमै रहे पनि ब्याडमै बेर्ना सुकेर पूरै खेत बाँझो रहने अवस्था भने टरेको कृषि शाखाले जनाएको छ।

# भेरी कोरिडोरमा एक महिनादेखि यातायात ठप्प

❑ कांक्रेविहार संवाददाता
रुकुमपश्चिम, २८ साउन

त्रिदेशीय व्यापारिक मार्गका रूपमा निर्माण भइरहेको भेरी कोरिडोरअन्तर्गत रुकुमपश्चिम-जाजरकोट-डोल्पा सडकखण्डमा एक महिनादेखि यात्रुले सास्ती खेपिरहेका छन्।

वर्षासँगै विभिन्न स्थानमा बाढी र पहिरो आएपछि सडक पटक-पटक अवरुद्ध हुँदै आएको हो। प्रहरीका अनुसार गत साउन छ गतेदेखि रुकुमपश्चिम हुँदै डोल्पा जाने सडकखण्ड पूर्ण रूपमा अवरुद्ध छ।

आठबिसकोट नगरपालिका स्थित रिजेगार्डखोलामा बाढी र पहिरोका कारण सडक बन्द भएको प्रहरी नायब उपरीक्षक वेदबहादुर पौडेलले जानकारी दिए।

खोलामा पानीको बहाव घटेका बेला डोजरको सहयोगमा मालवाहक सवारीसाधन पास गराउने गरिए पनि यात्रुवाहक सवारी भने सञ्चालन हुन सकेका छैनन्।

रिजेगार्डखोलामा गत साउन १४ गते एलपी ग्यास बोकेको ट्रक पल्टँदा ठूलो क्षति भएको थियो। यस क्षेत्रमा पटक-पटक मोटरसाइकलसहित यात्रु जोखिममा परेपछि प्रहरीले उद्धारसमेत



गर्दै आएको छ।

रिजेगार्डखोलासँगै आठबिसकोट छ का उसुमखोला, मन्काखोला र साइलेखोला तथा आठबिसकोट ११ को चिसापानीखोला र जाजरकोटतर्फको चौखाखोलामा आउने खहरे भेलले पनि सडक अवरुद्ध गर्ने गरेको छ।

ठाउँ-ठाउँमा पहिरो खस्ने गरेकाले यात्रु तथा सवारीसाधन जोखिम मोलेर यात्रा गर्न बाध्य छन्। भारतदेखि नेपाल हुँदै चीन जोड्ने महत्वपूर्ण सडकका रूपमा रहेको भेरी कोरिडोरको विभिन्न खण्डमा पुल निर्माण, ग्राभेल तथा कालोपत्रेको काम पूरा हुन सकेको छैन।

ट्र्याक मात्र खोलिएका कतिपय स्थानमा सडकको अवस्था झन् जोखिमपूर्ण रहेको आठबिसकोट छ का वडाध्यक्ष धनेश्वर शर्माले बताए।

नेपालगञ्जबाट डोल्पाका लागि सामान तथा यात्रु लिएर आएका सवारीसाधन बाटोमै अलपत्र पर्ने गरेका छन्। सडक अवरुद्ध भएपछि डोल्पाबाट प्रदेश राजधानी सुर्खेत र व्यापारिक केन्द्र नेपालगन्ज तर्फको आवागमनसमेत प्रभावित भएको छ।

वर्षायाममा सडक नियमित सञ्चालनका लागि जोखिमयुक्त स्थानमा तत्काल वैकल्पिक व्यवस्था तथा सडक मर्मत आवश्यक देखिएको छ।

डिजिटल युगको विश्वसनीय आवाज
www.kankrebihar.com

नलगाड नगरपालिका
**नगर कार्यपालिकाको कार्यालय**
दल्ली, जाजरकोट, कर्णाली प्रदेश, नेपाल

## अत्यन्त जरुरी अपिल

*आदरणीय नगरवासी दिदीबहिनी तथा दाजुभाइहरू,*
वर्षाको समयमा खोला-नालामा बाढी आउने, पहाडी क्षेत्रमा पहिरो खस्ने जस्ता प्राकृतिक विपद्का साथै लामखुट्टेको वंशवृद्धि भई डेङ्गु लगायतका कीटजन्य तथा जलजन्य रोगहरू तीव्र रूपमा फैलने जोखिम बढेको छ। यस्तो प्रतिकूल मौसमको समयमा सम्भावित धनजनको क्षति न्यूनीकरण गर्न र नगरवासीहरूको स्वास्थ्य सुरक्षा सुनिश्चित गर्न नलगाड नगरपालिका निम्नअनुसार सावधानी अपनाउन हार्दिक अनुरोध गर्दछ।

**बाढी तथा पहिरोबाट जोगिन अपनाउनुपर्ने सावधानीहरू**
- बाढीको समयमा खोला, नदी, र अप्ठ्यारा जोखिमपूर्ण स्थानहरूमा जाने, माछा मार्ने, काठ सङ्कलन गर्ने वा पौडी खेल्ने काम नगरौं।
- घरको नजिक वा माथिपट्टि पहिरो खस्न सक्ने, जमिन भासिन सक्ने वा भित्तो चर्किएको ठाउँ भए विशेष सावधानी अपनाऔं। जोखिम बढेमा सुरक्षित स्थानमा सरौं।
- खोलानाला तर्दा वा भेल बाटो काट्दा पूर्ण सुरक्षाको ध्यान दिऔं। भेल बढेको बेला जबर्जस्ती खोला तर्ने प्रयास नगरौं।
- जोखिमपूर्ण मौसममा घरबाहिर अनावश्यक हिँडडुल तथा लामो दूरीको यात्रा नगरौं।
- बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला र अपाङ्गता भएका व्यक्तिहरूलाई सुरक्षित स्थानमा राख्न र उहाँहरूको हेरचाहमा पहिलो प्राथमिकता दिऔं।

**डेङ्गु रोगबाट बच्ने विशेष उपायहरू**
- वर्षाको समयमा ठाउँ-ठाउँमा पानी जम्ने भएकाले डेङ्गु सार्ने 'एडिज एजिप्टी' जातको लामखुट्टेको जोखिम अत्यधिक हुन्छ। डेङ्गुबाट बच्न "खोज र नष्ट गर" अभियानमा सहभागी बनौं।
- पानी जम्न नदिऔं। घर, आँगन, कौसी, पुराना टायर, गमला, बोतल, प्लास्टिकका भाँडा, ड्रम, कुलर र ट्याङ्कीमा लामो समयसम्म पानी जम्मा हुन नदिऔं। हप्तामा कम्तीमा एक पटक यस्ता भाँडाहरू सफा गरी सुक्खा राखौं।
- झुलको अनिवार्य प्रयोग : दिउँसो वा राति सुत्दा अनिवार्य रूपमा झुलको प्रयोग गरौं। डेङ्गु सार्ने लामखुट्टेले विशेष गरी दिउँसोको समयमा टोक्ने भएकाले दिउँसो झन् सतर्क रहौं।
- शरीरका सबै भाग ढाकिने गरी लामो बाहुला भएको लुगा लगाऔं।
- लामखुट्टेको टोकाइबाट बच्न धुप वा 'मोस्किटो रिपेलेन्ट' (क्रीम) प्रयोग गरौं।

**विशेष सूचना** : माथि उल्लेखित लक्षणहरू देखिएमा तुरुन्त नजिकैको स्वास्थ्य संस्थामा गई परीक्षण गराऔं। स्वास्थ्यकर्मीको सल्लाहबिना जथाभावी 'पेनाडोल' वा 'प्यारासिटामोल' बाहेक अन्य (जस्तै फ्लेक्सोन, ब्रुफिन आदि) औषधिहरू प्रयोग नगरौं।

**सरसफाइ तथा अन्य स्वास्थ्य सावधानीहरू**
- वर्षाको समयमा खानेपानीका मुहानहरू दूषित हुने सम्भावना बढी हुने भएकाले खानेपानी सधैं राम्ररी उमालेर वा छानेर मात्र पिउने गरौं।
- बासी, सडेगलेको वा झिँगा भनभनाएको खाना नखाऔं। सागपात र फलफूल राम्ररी पखालेर मात्र प्रयोग गरौं।
- खाना खानुअघि र शौचालयको प्रयोगपछि साबुनपानीले मिचीमिची हात धुने बानी बसालाऔं।

**विद्युतीय तथा भौतिक सुरक्षा**
- बाढी वा हावाहुरीका कारण बिजुलीका तार वा खम्बाहरू लड्न सक्ने भएकाले नाङ्गो तार वा विद्युतीय खम्बाको नजिक नजाऔं।
- घरको छत तथा ढलबाट पानी निकास हुने बाटो खुला र सफा राखौं।

**पूर्वतयारी तथा आपतकालीन व्यवस्थापन**
- आपतकालीन अवस्थाका लागि आवश्यक प्राथमिक उपचार सामग्री (औषधि, ब्यान्डेज), टर्चलाइट, रेडियो, ड्राई फुड (सुक्खा खानेकुरा), पिउने पानी, महत्वपूर्ण कागजातहरू र थप लुगाकपडा एउटा सुरक्षित झोलामा तयार राखौं।
- सत्य सूचना मात्र आदान-प्रदान गरौं। स्थानीय पत्रपत्रिका, रेडियो, टेलिभिजन वा आधिकारिक माध्यमबाट आउने मौसम र विपद् सम्बन्धी जानकारी नियमित रूपमा सुनौं। अफवाहको पछि नलागौं।
- आफ्नो छरछिमेकमा कोही घाइते, बिरामी वा विपद्मा फसेका भए प्रहरी, स्थानीय प्रशासन वा नजिकैको स्वास्थ्य संस्थामा तुरुन्त खबर गरी सहयोग गरौं।

*विपद् र रोगव्याधी बाजा बजाएर आउँदैन, सजग र पूर्वतयारी बनौं, आफू पनि बचौं र अरूलाई पनि बचाऔं।*

सु.जि.प्र.का.द.नं. १३/२०५७/०५८
ह.नि.सु.द.नं. ०१/२०८२/०८३

# बोक्सी प्रथाविरुद्ध सुर्खेतमा सचेतना कार्यक्रम



*शिक्षा र चेतनाको माध्यमबाट समाजमा विद्यमान कुप्रथा तथा अन्धविश्वास अन्त्य गर्न सबै पक्षको साझा प्रयास आवश्यक रहेकोछ।*

**काँक्रेविहार संवाददाता**
वीरेन्द्रनगर, २८ साउन

बोक्सीको आरोपमा हुने हिंसा, विभेद तथा मानवअधिकार उल्लङ्घनका घटना अन्त्य गर्ने उद्देश्यले वीरेन्द्रनगरमा सचेतनामूलक कार्यक्रम तथा वृत्तचित्र प्रदर्शनी गरिएको छ।

नेपालबाट बोक्सी कुप्रथाको उन्मूलनका लागि सञ्चालित राष्ट्रिय महाअभियानअन्तर्गत 'मान्छे बोक्सी हुन्न कहिल्यै' राष्ट्रिय जागरण प्रतिष्ठान नेपालले कार्यक्रम आयोजना गरेको हो।

कार्यक्रमको उद्घाटन गर्दै कर्णाली प्रदेश प्रहरी कार्यालयका प्रहरी वरिष्ठ उपरीक्षक नौ एसएसपी सन्तोषसिंह राठौरले बोक्सी कुप्रथाविरुद्ध नेपाल प्रहरीले शून्य सहनशीलताको नीति अपनाएको बताए।

पीडितलाई न्याय दिलाउन तथा समाजमा सचेतना फैलाउन प्रहरी प्रतिबद्ध रहेको उनले बताए। शिक्षा र चेतनाको माध्यमबाट समाजमा विद्यमान कुप्रथा तथा अन्धविश्वास अन्त्य गर्न सबै पक्षको साझा प्रयास आवश्यक रहेको उनको भनाइ थियो।

अन्धविश्वास र अशिक्षा यस्ता घटनाका प्रमुख कारण भएकाले ग्रामीण क्षेत्रसम्म व्यावहारिक शिक्षा र सचेतना पुऱ्याउनुपर्ने उनले बताए।

आवाज संस्थाका कार्यकारी निर्देशक पवित्रा शाहीले बोक्सीको आरोप खेपिरहेका महिलाको मानवअधिकारको अवस्था अझै दयनीय रहेको बताए।

महिलाविरुद्ध हुने शारीरिक, मानसिक, यौनजन्य तथा मनोवैज्ञानिक हिंसा अन्त्य गर्न प्रभावकारी अभियान आवश्यक रहेको उनले उल्लेख गरे।

समाज सुधारक तथा इगरब्रिज बोर्डिङ माध्यमिक विद्यालयका संस्थापक हेमप्रकाश भुसालले बोक्सीको आरोपमा हुने हिंसा र विभेद समाजकै कलंक भएको बताए। यस्ता कुप्रथा र अन्धविश्वास अन्त्य गर्न चेतनामूलक कार्यक्रम सकारात्मक कदम भएको उनको भनाइ थियो।

सीमान्तकृत महिलाहरूका लागि महिला संस्था नौ वाम की उपाध्यक्ष मनु राना क्षेत्रीले बोक्सीको आरोपमा महिलाले भोग्दै आएको पीडा वृत्तचित्र तथा जनचेतनामूलक कार्यक्रमले उजागर गरेको बताए।

कानुनले बोक्सीको आरोप लगाउने तथा त्यसका आधारमा यातना दिने कार्यलाई अपराध माने पनि अन्धविश्वास र सचेतनाको अभावका कारण यस्ता घटना अझै हुने गरेको उनले बताए। अभियन्ता तथा प्रतिष्ठानका अध्यक्ष कोविदशरण उपाध्यायले बोक्सीका नाममा हुने अमानवीय व्यवहार अन्त्य गर्न प्रहरी प्रशासन, प्रदेश तथा स्थानीय सरकार र नागरिक समाजको संयुक्त प्रयास आवश्यक रहेको बताए।

सुर्खेतमा हालै भएको पाथिभरा माता काण्डलाई ध्यानमा राख्दै प्रभावित क्षेत्रमा शिक्षा, चेतना तथा वृत्तचित्र प्रदर्शन कार्यक्रम सञ्चालन गरिएको उनले जानकारी दिए।

नेपालमा बोक्सीको आरोपमा हुने हिंसा रोक्न सरकारले 'बोक्सीको आरोप ९कसुर र सजाय ऐन, २०७२' ल्याएको एक दशकभन्दा बढी भइसकेको छ।

ऐनले बोक्सीको आरोप लगाउने, क्रूर तथा अमानवीय व्यवहार गर्ने र यातना दिनेलाई दण्डनीय बनाएको छ। कसुरको प्रकृतिअनुसार कैद तथा जरिवानाको व्यवस्थासमेत गरिएको छ।

कानुनी व्यवस्था हुँदाहुँदै पनि बोक्सीको आरोपमा महिलामाथि हुने हिंसा पूर्णरूपमा रोकिएको छैन। मलमूत्र खुवाउने, कुटपिट गर्ने, गाउँनिकाला गर्ने तथा मानसिक यातना दिने जस्ता घटना अझै सार्वजनिक हुने गरेका छन्।

अन्धविश्वास, अशिक्षा र सामाजिक चेतनाको अभावलाई यस्ता घटनाको प्रमुख कारण मानिएको छ। त्यसैले कानुनी कारबाहीसँगै विद्यालय, समुदाय, स्थानीय सरकार, प्रहरी तथा नागरिक समाजको सहकार्यमा निरन्तर सचेतना अभियान सञ्चालन गर्नुपर्ने आवश्यकता देखिएको छ।

# कर्णालीमा चिस्यान केन्द्रले किसानलाई राहत

**काँक्रेविहार संवाददाता**
सुर्खेत, २८ साउन

कर्णालीका विभिन्न स्थानमा चिस्यान केन्द्र (कोल्डस्टोर) सञ्चालनमा आएपछि किसानलाई आफ्नो उत्पादन सुरक्षित राख्न सहज भएको छ।

विगतमा बिक्री नभएका तरकारी तथा फलफूल कुहिएर खेर जाने समस्या भोग्दै आएका किसानले अहिले उत्पादन भण्डारण गरेर उचित समयमा बिक्री गर्न पाएका छन्।

वीरेन्द्रनगर नौ लाटीकोइली स्थित साना किसान कृषि सहकारीले सञ्चालन गरेको चिस्यान केन्द्रले किसानलाई विशेष राहत दिएको छ।

किसान रविन थापाका अनुसार बिक्री नभएका तरकारी तथा फलफूल केही दिनका लागि भण्डारण गरेर पछि बजारमा लैजान सकिने भएकाले ठूलो सहयोग पुगेको छ।

आलु उत्पादक किसान निर्मला शर्माले पनि कम लागतमा आलु भण्डारण गर्न पाउँदा उत्पादन बिक्री गर्न सहज भएको बताइन्।

वीरेन्द्रनगरको चिस्यान केन्द्रमा दैलेख, सल्यान र जाजरकोट लगायत पहाडी जिल्लाबाट कृषि उपज बिक्री गर्न आउने किसानले समेत सेवा लिइरहेका छन्।



दुई सय मेट्रिक टन क्षमताको उक्त केन्द्रलाई विस्तार गरी पाँच सय मेट्रिक टन क्षमताको प्रदेशस्तरीय चिस्यान केन्द्र बनाउने लक्ष्य राखिएको छ।

पहिलो चरणमा आलु र त्यसपछि स्याउ भण्डारण गरिएकोमा अहिले सुन्तला राख्ने तयारी भइरहेको छ। भेरीगंगा नगरपालिका-१२ मा पनि चिस्यान केन्द्र पुनःसञ्चालनमा आएपछि किसानलाई राहत मिलेको छ।

किसानले आलुलगायतका उत्पादन भण्डारण गरी राम्रो मूल्य पाएपछि मात्र बिक्री गर्न थालेका छन्। विद्युत अभावका कारण लामो समय सञ्चालन हुन नसकेको केन्द्र एक सय ३२ केभीए प्रसारण लाइन सञ्चालनमा आएपछि गत वर्षदेखि पुनःसञ्चालनमा आएको हो।

पूर्वी सुर्खेतको गुर्भाकोट नगरपालिका नौ बोटेचौरमा ८५ मेट्रिक टन क्षमताको चिस्यान केन्द्र पनि सञ्चालनमा आएको छ। यस्ता केन्द्र सञ्चालनमा आएपछि कृषि उत्पादनको बजारीकरण र किसानको आम्दानीमा सुधार हुने अपेक्षा गरिएको छ।

कर्णाली प्रदेश सरकारले फलफूल तथा तरकारी उत्पादनका पकेट क्षेत्रमा निर्माण भएका चिस्यान केन्द्रलाई मर्मत गरी सञ्चालन गर्ने नीति लिएको छ।

प्रदेश सरकारको ७० प्रतिशत र सहकारी संस्थाको ३० प्रतिशत लगानीमा सुर्खेतका तीन पालिका र दैलेखमा गरी चार वटा चिस्यान केन्द्र निर्माण गरिएको छ।

दैलेखको नारायण नगरपालिकामा करिब दुई करोड रुपैयाँ लगानीमा निर्माण भएको चिस्यान केन्द्र गत वर्षदेखि सञ्चालनमा आएको छ।

किसानले उत्पादन सुरक्षित राख्न पाउने वातावरण बनेसँगै कर्णालीमा कृषि उत्पादन बढाउन र बजार व्यवस्थापन गर्न चिस्यान केन्द्र प्रभावकारी माध्यम बन्न थालेका छन्।

## उद्योग खारेजीको सूचना

**सूचना प्रकाशित मिति : २०८३/०४/२९**

उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत (साविक घरेलु तथा साना उद्योग विकास समितिको कार्यालय) मा म/हामी **श्री शारदा खड्का** धनी रहेको, **दर्ता नम्बर ९८९५/०७९/०८०** बाट **उत्तरगंगा–८ सुर्खेत**मा संचालन हुने गरी दर्ता श्रेस्ता कायम रहेको **शारदा कृषि तथा पशुपंक्षी फर्म** नामको प्राइभेट साझेदारी उद्योग मेरो हाम्रो घरायसी/आर्थिक कारणले खारेजी गर्नुपर्ने भएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो ३५ (पैंतीस) दिने सूचना प्रकाशन गरिएको छ। यस उद्योगसँग कोही कसैको कुनै प्रकारको बाँकी रहेको भए सूचनाको म्यादभित्र सोको प्रमाण सहित उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत समक्ष लिखित रुपमा दावी गर्न हुन कर्णाली प्रदेश औद्योगिक व्यवसाय नियमावली २०७९ को नियम १२ को उपनियम (२) बमोजिम जानकारी गराइन्छ ।




काँक्रेविहार प्रकाशन प्रा.लि.द्वारा प्रकाशित, प्रधान कार्यालय : वीरेन्द्रनगर-६, सुर्खेत, फोनः ०८३-५९०१११/९८५१३४४७५४/९८६४८८०६००, **Email :** ekankrebihardaily@gmail.com, **web :** kankrebihar.com
सम्पादक : सुशीलराज शर्मा, कार्यकारी सम्पादक : नविन सुवेदी, मुद्रण : मिसन अफसेट प्रेस (बाँके), ग्लोबल अफसेट प्रेस (सुर्खेत)